आर्थिक बर्ष : २०८२/८३

बैठक संख्या :३

आज मिति २०८२/०६/२७ गतेका दिन विरुवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा गाउँ कार्यपालिकाका अध्यक्ष श्री सूर्य बहादुर कुँवरज्यूको अध्यक्षतामा वसेको कार्यपालिकाको बैठकबाट निम्न अनुसारको उपस्थितिमा तपसिल बमोजिमको निर्णय गरियो ।

उपस्थितिः

श्री सूर्य बहादुर कुवँर अध्यक्ष

श्री भगवती शर्मा उपाध्यक्ष

श्री राजेन्द्र कुमार के.सी. सदस्य

श्री नोम बहादुर गुरुङ सदस्य.

श्री मनुकुमारी राना सदस्य

श्री मुक्त बहादुर गुरुङ सदस्य

श्री ङन वहादुर थापा सदस्य

श्री कृष्णबहादुर क्षेत्री सदस्य

श्री मेखराज गुरुङ सदस्य

श्री नविन कुमार आले सदस्य

श्री कुशुम देवी शर्मा श्रेष्ठ सदस्य

श्री र माया गुरुङ सदस्य

श्री दुर्मा देवी थापा सदस्य

श्री इन्दिरा पोखेल सदस्य

श्री पाल सिं विश्वकर्मा सदस्य

श्री कोपिला वि.क. सदस्य

श्री भेषराज आचार्य सदस्य सचिव प्र.प्र.अ.

अन्य उपस्थिति

श्री पिताम्वर पोखेल प्रशासकीय अधिकृत

श्री दिपक ढुङ्गाना सहायक प्रशासकीय अधिकृत

श्री शंकर चापागाई सहायक लेखा अधिकृत

श्री सन्तोष पौडेल कार्यालय सहयोगी

बिरुवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बिरुवा, स्याङ्जा
गण्डकी प्रदेश, नेपाल
२०७३

मिति :२०८२/०६/२७

**प्रस्ताव नं .१**

पूर्वाधार साझेदारी कार्यक्रम कार्यान्वयन सम्बन्धमा।

**निर्णय नं. १**

बिरुवा गाउँपालिकाको आ.व. २०८२/८३ को लागि स्वीकृत वार्षिक योजना तथा कार्यक्रमको सि.नं. १६२ मा रहेको पूर्वाधार साझेदारी कार्यक्रम तपसिल क्षेत्रहरुमा उल्लेखित बजेट सिमा भित्र रही **"बिरुवा गाउँपालिकाको पूर्वाधार साझेदारी कार्यक्रम कार्यन्वयन संशोधित कार्यविधि- २०७९"** बमोजिम कार्यान्वयन गर्ने गरी प्रक्रिया अगाडी बढाउने सर्वसम्मतिले निर्णय गरियो।

तपसिल :

| क्र. सं. | योजनाको क्षेत्र | बजेट सिमा रु | कैफियत |
|---|---|---|---|
| १ | सिंचाई | ५ लाख | |
| २ | सडक बत्ती | १० लाख | |

**प्रस्ताव नं .२**

साझेदारीमा सामुदायिक भवन निर्माण कार्यक्रम कार्यान्वयन सम्बन्धमा।

**निर्णय नं. २**

बिरुवा गाउँपालिकाको आ.व. २०८२/८३ को लागि स्वीकृत वार्षिक योजना तथा कार्यक्रमको सि.नं. ९८ मा रहेको साझेदारीमा सामुदायिक भवन निर्माण कार्यक्रम **"बिरुवा गाउँपालिकाको पूर्वाधार साझेदारी कार्यक्रम कार्यन्वयन संशोधित कार्यविधि- २०७९"** बमोजिम कार्यान्वयन गर्ने गरी प्रक्रिया अगाडी बढाउने सर्वसम्मतिले निर्णय गरियो।

**प्रस्ताव नं. ३**

खरको छाना विस्थापन कार्यक्रमका लागि लाभग्राही छनौट सम्बन्धमा।

**निर्णय नं. ३**

बिरुवा गाउँपालिकाको आ.व. २०८२/८३ को लागि स्वीकृत वार्षिक योजना तथा कार्यक्रमको सि.नं. ९९ मा रहेको खरको छाना विस्थापन कार्यक्रम कार्यान्वयनका लागि चालु आ.व. मा वडा नं. ४, ६, ७ र ८ मा योजना कार्यान्वयन गर्ने गरी प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

**प्रस्ताव नं. ४**

कृषि कार्यक्रम कार्यान्वयन सम्बन्धमा।

बिरुवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बिरुवा, स्याङजा
गण्डकी प्रदेश, नेपाल
२०७३

**निर्णय नं. ४**

बिरुवा गाउँपालिकाको आ.व. २०८२/८३ को लागि स्वीकृत वार्षिक योजना तथा कार्यक्रमको सि.नं. ५६ मा रहेको कृषि कार्यक्रम (अध्यक्ष उत्कृष्ट कृषक पुरस्कार-२ लाख समेत) शिर्षकमा विनियोजन भएको बजेटबाट तपसिल बमोजिम कार्यक्रमहरु उल्लेखित बजेट सिमाभित्र गर्ने गरी स्वीकृत गर्ने निर्णय सर्वसहमतिले गरियो।

तपसिल :

| क.सं. | विवरण | विनियोजित बजेट | कैफियत |
|---|---|---|---|
| १ | फलफुल खेती प्रवर्द्धन कार्यक्रम(निलोतुथो पेष्ट, फलफुलका वर्ना लगायत कार्यक्रम | रु. ३,००,०००/- (तीन लाख) | ५० प्रतिशत लागत साझेदारी |
| २ | तरकारी, मसलाबाली र कफी खेती प्रवर्द्धन कार्यक्रम | रु. २,००,०००/- (दुई लाख) | |
| ३ | बाली विकास कार्यक्रम (धान दिवस, उत्पादन प्रदर्शन, क्रप कटिंग) | रु. १,००,०००/- (एक लाख) | |
| ४ | बाली संरक्षण कार्यक्रम (बालीनाली र फलफुलका जैविक/रासायनिक विषादी) | रु. १,००,०००/- (एक लाख) | |
| ५ | व्यावसायिक कीट विकास कार्यक्रम (च्याउ र मौरी) | रु. १,००,०००/- (एक लाख) | |
| ६ | अध्यक्ष उत्कृष्ट कृषक पुरस्कार | रु. २,००,०००/- (दुई लाख) | |
| | **जम्मा** | रु. १०,००,०००/- (दश लाख) | |

**प्रस्ताव नं. ५**

आधारभूत अस्पताल संचालन कार्यविधि माथी छलफल तथा स्वीकृती सम्बन्धमा।

**निर्णय नं. ५**

बिरुवा गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०८२/०५/१९ गतेको बैठकबाट गठित बिरुवा गाउँपालिका स्तरीय बिरुवा आधारभूत अस्पताल सञ्चालन तथा व्यवस्थापन कार्यविधि- २०८२ निर्माण समितिबाट पेश भएको कार्यविधिको मस्यौदा माथी छलफल गरी बिरुवा गाउँपालिका स्तरीय बिरुवा आधारभूत अस्पताल सञ्चालन तथा व्यवस्थापन कार्यविधि- २०८२ सर्वसहमतीले स्वीकृत गरियो।

बिरुवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बिरुवा, स्याङ्जा
गण्डकी प्रदेश, नेपाल
२०७३

प्रस्ताव नं. ६

नेपाल जलवायु नमुना कार्यक्रम कार्यान्वयन सम्बन्धमा।

निर्णय नं. ६

बिरुवा गाउँपालिकाको आ८३/२०८२ .व. को लागि स्वीकृत वार्षिक योजना तथा कार्यक्रमको सि .नं.४९२ (संघीय सर्सत अनुदान) मा रहेको नेपाल जलवायु नमुना कार्यक्रम कार्यान्ववको लागि नमुना जलवायु कार्यक्रम कार्यान्वयन कार्यवधि २०८०/८१ बमोजिम स्थानीय अनुकुलन कार्ययोजना (लापा) निर्माण गरी सोहि कार्ययोजनाले उल्लेखित गरेको क्षेत्रमा बजेट कार्यान्वयन गर्नुपर्ने भएकोले सोहि शिर्षकबाट रु. ५,००,०००/-(अक्षरुपी पाँच लाख मात्र) स्थानीय अनुकुलन योजना (लापा) निर्माणको लागि व्यवस्था गरी उक्त कार्ययोजनाले उल्लेख गरे बमोजिम बाँकी बजेट कार्यान्वयन गर्ने निर्णय सर्वसहमतिले गरियो।

प्रस्ताव नं. ७

सूचना प्रविधि अधिकृतको तह कायम सम्बन्धमा।

निर्णय नं. ७

बिरुवा गाउँपालिकाको गाउँ कार्यपालिकाको कार्यालयमा छैटौ तहको सूचना प्रविधि अधिकृत पदमा कार्यरत ध्रुव अर्याललाई संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, प्रदेश तथा स्थानीय शासन सबलिकरण कार्यक्रम(PLGSP) को स्थानीय तहमा सूचना अधिकृत परिचालन सम्बन्धी कार्यविधि-२०८२ को दफा ६(१) र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, प्रदेश तथा स्थानीय शासन सबलिकरण कार्यक्रम(PLGSP), कार्यक्रम कार्यान्वयन इकाईको मिति २०८२/०६/०५ को पत्र बमोजिम मिति २०८२/०७/०१ गते देखी लागु हुने गरी सातौ तहको सूचना प्रविधि अधिकृत पदमा तह कायम गर्ने निर्णय सर्वसहमतिले गरियो।

प्रस्ताव नं. ८.

सार्वजनिक सुनुवाई सम्बन्धमा।

निर्णय नं. ८.

बिरुवा गाउँपालिकामा संचालित योजना तथा कार्यक्रमहरुको कार्यान्वयनको अवस्था साथै गाउँपालिका कार्यालय र अन्तर्गतका कार्यालयहरुको सेवा प्रवाह लगायत विविध विषयमा सरोकारवाला पक्षलाई जानकारी गराउने उदेश्यसहित मिति २०८२/०७/२७ गते बिरुवा गाउँपालिका- ५, किचनासमा सार्वजनिक सुनुवाई कार्यक्रम गर्ने निर्णय सर्वसहमतिले गरियो।

प्रस्ताव नं. ९

निवेदक कमला गुरुङ्ग समेत भई यस बिरुवा गाउँपालिकाको कार्यालय विरुद्ध सम्मानित जिल्ला अदालत स्याङ्जामा २०८२/०३/०१ गते दायर गरेको ०८१-CP-०७६० नम्बरको मुद्धा सम्बन्धमा।

भेषराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत

बिरुवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बिरुवा, स्याङ्जा
गण्डकी प्रदेश, नेपाल
२०७३

निर्णय नं. ९

क. निवेदक कमला गुरुङ्ग समेत भई यस बिरुवा गाउँपालिकाको कार्यालय विरुद्ध सम्मानित जिल्ला अदालत स्याङ्जामा २०८२/०३/०1 गते दायर गरेको ०८१-CP-0७६० नम्बरको मुद्धामा जिल्ला अदालत स्याङ्जाबाट लिखित जवाफ पेश गर्नुहोला भन्ने आदेशबमोजिम मिति २०८२।०४।२९ मा २१ दिने म्याद जारी भै मिति २०८२।०६।२६ मा तामेल भएकोले सोही मितिले जिल्ला अदालत स्याङ्जामा म्यादै भित्र लिखित जवाफ दर्ता गर्न बिरुवा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय-१, बिरुवा गाउँपालिका ७ नं. वडा कार्यालय-१, बिरुवा गाउँपालिका वडा नं. ७ का वडाअध्यक्ष मेखराज गुरुङ-१, बिरुवा गाउँपालिका वडा नं. ७ का वडा सदस्य लिला कुमारी गुरुङ्ग-१, बिरुवा गाउँपालिका वडा नं. ७ का वडा सदस्य कमला नेपाली-१, बिरुवा गाउँपालिका वडा नं. ७ का वडा सदस्य वेद कुमार गुरुङ्ग-१, बिरुवा गाउँपालिका वडा नं. ७ का वडा सदस्य गिर बहादुर गुरुङ्ग-१, बिरुवा गाउँपालिका वडा नं. ७ का वडा सचिव रन बहादुर गुरुङ्ग-१ र बिरुवा गाउँपालिका ७ नं. वडा कार्यालय सहयोगी राम प्रसाद गुरुङ्ग -१ समेत ९ जनाको तर्फबाट जिल्ला अदालत स्याङ्जामा लिखित जवाफ दर्ता गर्न गाउँ कार्यपालिकाको कार्यालय बिरुवामा सहायक प्रशासकीय अधिकृत पदमा कार्यरत दिपक ढुंगानालाई अख्तियार प्रदान गर्ने र बिरुवा गाउँपालिका वडा नं. ७ का वडाअध्यक्ष मेखराज गुरुङ-१, बिरुवा गाउँपालिका वडा नं. ७ का वडा सदस्य लिला कुमारी गुरुङ्ग-१, बिरुवा गाउँपालिका वडा नं. ७ का वडा सदस्य कमला नेपाली-१, बिरुवा गाउँपालिका वडा नं. ७ का वडा सदस्य वेद कुमार गुरुङ्ग-१, बिरुवा गाउँपालिका वडा नं. ७ का वडा सदस्य गिर बहादुर गुरुङ्ग-१, बिरुवा गाउँपालिका वडा नं. ७ का वडा सचिव रन बहादुर गुरुङ्ग-१ र बिरुवा गाउँपालिका ७ नं. वडा कार्यालय सहयोगी राम प्रसाद गुरुङ्ग -१ समेत — ७ जनाको तर्फबाट समेत नीज दिपक ढुंगानालाई वारेश अख्तियारनामा दिने निर्णय गरियो ।

ख. प्रस्तुत मुद्धामा यस विरुवा गाउँपालिकाको तर्फबाट सम्मानित जिल्ला अदालत स्याङ्जामा उपस्थित भई बिरुवा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय-१, बिरुवा गाउँपालिका ७ नं. वडा कार्यालय-१, बिरुवा गाउँपालिका वडा नं. ७ का वडाअध्यक्ष मेखराज गुरुङ-१, बिरुवा गाउँपालिका वडा नं. ७ का वडा सदस्य लिला कुमारी गुरुङ्ग-१, बिरुवा गाउँपालिका वडा नं. ७ का वडा सदस्य कमला नेपाली-१, बिरुवा गाउँपालिका वडा नं. ७ का वडा सदस्य वेद कुमार गुरुङ्ग-१, बिरुवा गाउँपालिका वडा नं. ७ का वडा सदस्य गिर बहादुर गुरुङ्ग-१, बिरुवा गाउँपालिका वडा नं. ७ का वडा सचिव रन बहादुर गुरुङ्ग-१ र बिरुवा गाउँपालिका ७ नं. वडा कार्यालय सहयोगी राम प्रसाद गुरुङ्ग -१ समेत ९ जनाको तर्फबाट बहस पैरवी गर्न अधिवक्ता श्री टंक न्यौपानेलाई कानुन व्यवसायीमा मुकरर गर्ने निर्णय गरियो ।

भेषराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत

बिरुवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बिरुवा, स्याङ्जा
गण्डकी प्रदेश, नेपाल
२०७३

ग. उल्लेखित मुँद्दाको शिलशिलामा कानुनविदलाई दिनुपर्ने सेवा परामर्श वापतको शुल्क तथा मुद्दासंग सम्बन्धित सम्पूर्ण खर्चहरु गाउँपालिकाको कार्यलयबाट बेहोर्ने निर्णय गरियो ।

<u>प्रस्ताव नं. १०.</u>

गाउँपालिकाको वृत्तचित्र निर्माण सम्बन्धमा।

<u>निर्णय नं. १०.</u>

बिरुवा गाउँपालिकाका धार्मिक, पर्यटकिय, ऐतिहासिक महत्वका स्थानहरु, पालिकाको विकास निर्माणको अवस्था, सेवा प्रवाहको अवस्था, असल अभ्यास, पालिकाका नीति कार्यक्रम तथा प्राथामिकता समावेश गरी पालिकाको अवस्था बारे सर्वसाधारणलाई जानकारी गाराउन तथा सूचीत गर्नको साथ साथै धार्मिक, पर्यटकिय, ऐतिहासिक महत्वका स्थानहरु प्रचार प्रसार गरी पर्यटन प्रवर्द्धन गर्न बिरुवा गाउँपालिकाको वृत्तचित्र निर्माण गर्ने र सोको लागि आवश्यक बजेट बिरुवा गाउँपालिकाको आ.व. २०८२/८३ को लागि स्वीकृत वार्षिक योजना तथा कार्यक्रमको सि.नं. ६१ को पर्यटन प्रवर्द्धन कार्यक्रमबाट व्यवस्था तथा सुनिश्चितता गर्ने निर्णय सर्वसहमतिले गरियो।

<u>प्रस्ताव नं. ११.</u>

सामाजिक सुरक्षा भत्ता वितरणको लागि बैंक छनौट सम्बन्धमा।

<u>निर्णय नं. ११.</u>

बिरुवा गाउँपालिकाबाट वितरण हुने सामाजिक सुरक्षा हाल ६ वटा वडाको मुक्तिनाथ विकास बैंक लिमिटेडबाट र बाँकी २ वटा वडाको अन्य बैंकबाट वितरण भईरहेको, विगतमा मुक्तिनाथ विकास बैंक बाहेकका अन्य बैंकको शाखा कार्यालय बिरुवा बजारमा नभएकोले अन्य बैंकबाट भत्ता वितरण गर्न नसकिएको र एउटै बैंकबाट धेरै वडाको भत्ता वितरण गर्दा भत्ता वितरणमा छिटो छरितो र प्रभावकारीता कायम गर्न नसकिएको, हाल गरिमा विकास बैंक लिमिटेडको शाखा कार्यालय बिरुवामा खुलेको हुँदा सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०८२ को दफा २४ बमोजिम बिरुवा बजार पायक पर्ने २ वडाहरु वडा नं. क्रमश १ र ८ को भत्ता वितरणको लागि गरिमा विकास बैंक लिमिटेडलाई छनौट गर्ने र अन्यको हकमा विगतमा भत्ता वितरण गरिरहेका बैंकहरुलाई नै छनौट गर्ने निर्णय सर्वसहमतिले गरियो।

<u>प्रस्ताव नं .१२</u>

विविध

<u>निर्णय नं. १२</u>

क. बिरुवा गाउँपालिकामा विभिन्न मितिहरुमा तपसिल व्यक्ति/संस्थाहरुबाट आर्थिक सहयोग/प्रस्ताव पेश हुन आएकोले देहाय अनुसारको बजेट शीर्षकबाट उल्लेखित रकम सहयोग गर्ने निर्णय गरियो।

भेषराज आचार्य

बिरुवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बिरुवा, स्याङ्जा
गण्डकी प्रदेश, नेपाल
२०७३

तपसिल

| क्र.स. | कार्यक्रमको नाम/विवरण | बजेट शिर्षक | रकम रु | कैफियत |
|---|---|---|---|---|
| १. | कृष्ण बहादुर वि.क., बिरुवा-२, स्याङ्जा | अन्य सामाजिक सहायता (सि.नं. ८१) | १५,०००/- (पन्ध्र हजार मात्र) | |
| २. | लोक बहादुर थापा, बिरुवा-४, स्याङ्जा | अन्य सामाजिक सहायता (सि.नं. ८१) | १०,०००/- (दश हजार मात्र) | |

भेषराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत